"कृषि,शिक्षा,स्वास्थ्य,पर्यटन र पुर्वाधार
जगन्नाथ गाउँपालिका विकासको मूल आधार "

जगन्नाथ गाउँपालिकाको कार्यालय
गाउँ कार्यपालिकाको कार्यालय
जुडडी, बाजुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

## वार्षिक नीति तथा कार्यक्रम, २०८०।२०८१

जगन्नाथ गाउँपालिकाको दोस्रो गाउँसभा तथा तेहौं अधिवेशनमा गाउँसभामा उपस्थित भएका गाउँसभाका सदस्य पत्रकार, सुरक्षाकर्मी र कर्मचारीहरु

❖ जगन्नाथ गाउँपालिकाको यस गरिमामय दोस्रो गाउँसभामा सभा अध्यक्षको हैसियतले विकासको लागि मार्ग दर्शकको रुपमा रहने स्थानिय सरकारको आर्थिक वर्ष ०८०।०८१ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित भएको छु।

❖ मुलुकमा भएको राजनैतिक परिवर्तन संस्थागत भई संविधान कार्यान्वयनको चरणमा रहेकाले स्थानिय सरकारलाई विकास र समृद्विको यात्रामा अघि बढ्न सहज हुँदै गएकोछ। देशको मानव विकास सुचकांक र विकासमा सबैभन्दा पछि परेको बाजुरा जिल्लाको जगन्नाथ गाउँपालिकामा आफ्नै चुनौति र समस्याका बाबजुद स्थानिय तह भित्र रहेका कृषि,जडीबुटी र जलस्रोतको उपयोग गर्नका लागि हामी प्रतिबद्ध छौं।

❖ उपलब्ध वित्तिय स्रोतको वितरण आवश्यकता समानुपाति समन्यायिकता एवं,सामावेशि, ढंगले भौतिक पुर्वाधार निर्माण,आर्थिक समृद्धि र सुशासनको मार्गमा जगन्नाथ गाउँपालिका अघि बढिरहेको छ। जगन्नाथ गाउँपालिकालाई आत्मनिर्भर बनाउन कृषि,जलस्रोत,पर्यटन र जडिबुटी व्यवसाय लगायतका क्षेत्रको विकास,बिस्तार र सुदृढीकरण गरिनेछ।

२०८०/३/१६

कालि बहादुर शाही
अध्यक्ष
जगन्नाथ गाउँपालिका

जगन्नाथ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जुड्डी, बाजुरा सुदूरपश्चिम प्रदेश, नेपाल

गाउँसभाका सदस्यहरु,

जगन्नाथ गाउँपालिकाको आर्थिक बर्ष २०८०।२०८१ को बार्षिक नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्दछु।

१. एक घर एक करेशा बारी कार्यक्रमलाई निरन्तरता,व्यवसायीक तरकारी खेती र फलफुल खेतिमा सिंचाइ प्रणाली विकास गर्न साना सिचाइ योजनालाई प्राथमिकता दिइनेछ।

२. दलहन बाली,तरकारी र फलफूल (आप,कागती,सुन्तला,किवि,ओखर,स्याउ र केरा)जातका बिरुवा वितरणको कामलाई उच्च प्राथमिकता दिई व्यवसायिक खेति गर्न किसानलाई प्रोत्साहन गरिनेछ।

३. गाउँपालिका भित्र उपयोगमा नआएको सरकारी बाँझो जमिनमा व्यवसायीक फलफूल खेति गर्नका लागि समुह र सहकारीलाई प्रोत्साहन गरिनेछ।

४. कृषकहरुलाई नविनतम प्रबिधिबाट खेति गर्नका लागि कृषि औचारहरु ५० प्रतिशत अनुदानमा उपलब्ध गराइनुका साथै एक वडा एक उत्पादन कार्यक्रमलाई कार्यान्वयनमा ल्याइनेछ।

५. खाद्यान्न बालीको उत्पादन बृद्धि गर्न उन्नत बिउ,मल र सिचाइमा जोड दिइ कृषि उत्पादकत्व बढाई खाद्य सुरक्षाको प्रत्याभुति गर्नुका साथै रैथाने बालीको जगेर्ना, बिउ उत्पादन तथा संरक्षण र कृषिजन्य उत्पादनलाई बजारीकरणका लागि सहजिकरण र समन्वय गरिनेछ।

६. जगन्नाथ गाउँपालिकाको सबै वडाहरुमा माटो परिक्षण गरि सिफारिस गरिएको कृषि वाली तथा फलफुल खेतीलाई बिस्तार गरिनेछ।

७. वडा नं १ र २ लाई स्याउ र सिमि, वडा नं ३ मा कागती, ओखर, सुन्तला र स्याउ,वडा नं ४ ओखर, वडा नं ५ कागती, सुन्तला र मसाला र वडा नं ६ मा ओखर, कागती र आलु पकेट क्षेत्रको रुपमा बिस्तार गरिनेछ ।



२०८०।३।१६
कालि बहादुर शाही
अध्यक्ष
गाउँपालिका

जगन्नाथ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जुइडी, बाजुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

८. गाउँपालिका भित्र पशु स्वास्थ्य शिविर,औषधी र उपकरण सहज रुपमा उपलब्ध गराइनेछ।

९. गोठ,खोर,भकाँरो सुधार कार्यक्रम र मलखाद व्यवस्थापनलाई अभियानका रुपमा संचालन गरि कम्पोष्ट मल उत्पादनमा जोड दिइनेछ।

१०. उन्नत जातका पशुहरुको नश्ल सुधारका लागि कृत्रिम गर्भाधान, उन्नत जातका रागा,बोका र थुमा वितरण गरिनेछ।

११. व्यवसायीक रुपले कृषि तथा पशुपालन गरिरहेका कृषकलाई बिमा गर्नका लागि सम्बन्धित निकाय संग समन्वय गरिनेछ।

१२. प्रत्येक बर्ष गाउँपालिका भित्रका उत्कृष्ठ कृषकहरुलाई पुरुस्कारको व्यवस्था गरिनेछ।

१३. जगन्नाथ गाउँपालिकाको दश बर्षे गाउँशिक्षा योजना, स्थानिय पाठ्यक्रम निर्माण गरि आगामी शैक्षिक शत्र देखि सम्पुर्ण सामुदायिक विद्यालयमा स्थानीय पाठ्यक्रम र गाउँ शिक्षा योजना लागु गरिनेछ।

१४. सामुदायीक विद्यालयका विद्यालय व्यवस्थापन समिति,शिक्षक र वालवालिका बिच अन्तरक्रिया कार्यक्रम संञ्चालन गर्नुका साथै प्रधानाध्यापकहरुलाई अन्तर जिल्ला भ्रमणको व्यवस्था गरिनेछ।

१५. गाँउपालिका भित्रका सामुदायिक विद्यालयलाई प्रविधीमैत्री बनाउने उद्धेश्यले नियमित रुपमा कम्पुटर,फोटोकपी,सोलारर इन्टरनेट संञ्चालनका लागि विद्युतको पहुँच नभएको स्थानमा सोलारको व्यवस्था गरिनेछ।

१६. शैक्षिक गुणस्तर सुधार, शिक्षकको क्षमता अभिवृद्धिका लागि तहगत र विषयगत तालिमको व्यवस्था गरिनेछ।

२०८०।३।१६

कालि बहादुर शाही
अध्यक्ष
जगन्नाथ गाउँपालिका

जगन्नाथ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भुर्ली, बाजुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

१७. गाँउपालिका भित्रका स्थायी बासिन्दा सामुदायीक विद्यालयबाट SEE गरेका दलित, बिपन्न र असहाय वालवालिकाहरुलाई प्राविधिक शिक्षा (पिसिएल नर्सिङ्ग,एच.ए.,ओभर सियर, फार्मेसी, ल्याव टेक्नीसियन, रेडियो ग्राफर, कविराज, नेत्र सहायक ,बालीविज्ञान, पशुविज्ञान, बागवानी बिज्ञान, एम.वि.वि.एस., वि.पि.एच., वि.एन., ईन्जिनियरिङ्ग, सुचना प्रविधि र वनबिज्ञान अध्ययनका गरिरहेका वालवालिकाहरुलाई दलित, विपन्न जेहेन्दार छात्रबृत्तिको व्यवस्था गरिनेछ।

१८. विद्यालयको लेखा प्रणालीलाई चुस्तदुरुस्त राख्नका लागि विद्यालयका लेखापाल र प्रधाना ध्यापकलाई दोहोरो लेखा प्रणालीको साथै जिन्सि सम्बन्धी तालिम, मासिक रुपमा प्र.अ.बैठक, अनुगमन र निरीक्षणलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

१९. वालवालिकाको सिकाई उपलब्धिलाई बढाउनका लागि नेपाल सरकारले तोकेको मापडण्ड अनुसारको स्रोत साधनको व्यवस्था गरि वालकक्षाहरुलाई वालमैत्री बनाउनुका साथै इसिडी सहजकर्ताहरुका लागि मन्टेश्वरी तालिमको व्यवस्था गरिनेछ।

२०. विद्यार्थिको पढाई संगै आन्तरिक प्रतिभालाई उजागर गर्ने विद्यालय स्तरीय,स्रोत विद्यालय स्तरिय,गाउँपालिका स्तरिय अतिरिक्त क्रियाकलाप,रास्ट्रपति रनिङ शिल्ड संचालन गर्नुका साथै विद्यालयमा स्काउट गठन गरिनेछ।

२१. बिद्यार्थी संख्याको आधारमा शिक्षक आवश्यक भएका विद्यालयहरुमा स्वंयमसेवक शिक्षक पदपुर्ति गर्ने व्वस्था मिलाइने छ ।

२२. वालवालिकाको सर्वाङ्गिण विकासका लागि विद्यालयमा खेल शिक्षक र संगित शिक्षकको व्यवस्था गर्नुका साथै अतिरिक्त क्रियाकलाप संञ्चालन गर्नका लागि बजेटको व्यवस्था गरिनेछ।

२३. कक्षा ११ र १२ लाई पुर्ण रुपमा निशुल्क गरिनुका साथै कक्षा ११ र १२ संञ्चालन भएका विद्यालयहरुमा एकजना शिक्षक अनुदानको व्यवस्था गरिनेछ।



२०८०।३।१६
कालि बहादुर शाही
अध्यक्ष
जगन्नाथ गाउँपालिका

जगन्नाथ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जुड्डी, बाजुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

२४. कक्षा ८ देखि १२ सम्मका वालवालिकाहरुलाई विद्यालयमा कानूनी सचेतना मुलक गोष्ठी संञ्चालन गरिनेछ।

२५. विद्यालयका प्रधानाध्यापक संग करार सम्झौता र शिक्षककहरुको योग्यताका आधारमा पदस्थापना र आन्तरिक सरुवा गर्नुका साथै नजिकमा रहेका विद्यालयहरुलाई मर्जको नीति अवलम्बन गरिनेछ।

२६. शिक्षकको कार्य सम्पादन, कार्यक्षमताका आधारमा पुरस्कार र दण्डको व्यवस्था गरिनेछ।

२७. १० शैंया अस्पतालका लागि आवश्यक औषधी उपकरणका लागि बजेटको व्यवस्था गर्नुका साथै नयाँ भवनबाट सेवा संञ्चालन गरिनेछ।

२८. १० शैंया अस्पतालमा आवश्यक उपकरण सहित बर्थिङ्ग सेन्टर, भिडियो एक्सरे, ओटिसी स्थापना, डट्सको व्यवस्था, एमए सेवा संञ्चालन र एम्बुलेन्स संञ्चालन गरिनेछ।

२९. १० शैंया अस्पतालका लागि आवश्यक जनशक्ति, फार्मेसीको स्थापना, गाउँपालिका भित्रका स्वास्थ्य संस्थाहरुमा सोलार र इन्टरनेट जडान गरिनेछ।

३०. गाउँपालिकामा बिशेषज्ञ डाक्टर सहितको स्वास्थ्य शिविर संचालन गर्नुका साथै स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ।

३१. सुरक्षित गर्भवति सेवाका लागि एसबिए तालिम, गर्भवति महिलाको निशुल्क स्वास्थ्य परिक्षण, वडा नं ३ को मनिकाँडामा सामुदायीक स्वास्थ्य इकाईको स्थापना गरिनेछ।

३२. पोषण सुधारका लागि आर्थिक बर्ष २०८०।२०८१ मा विभिन्न खालका नीति, योजना तथा कार्यक्रमहरु संञ्चालन गरिने छ।

२०८०।३।१६

कालि बहादुर शाही
अँध्यक्ष
जगन्नाथ गाउँपालिका

जगन्नाथ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जुड्डी, बाजुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

३३. वडा नं १ देखि ६ सम्म आयुर्वेद घुम्ति शिविर संञ्चालन गर्नुका साथै औषधी उपकरणका लागि आवश्यक रकमको व्यवस्था गरीने छ।

३४. समाजमा परम्परा देखि मनाउदै आएका धार्मिक तथा साँस्कृतिक चाडपर्वहरु मनाउन आवश्यक बजेटको व्यवस्था गरिनेछ।

३५. स्थानीय बाजाको संरक्षण र परम्परागत पोशाकको लागि आवश्यक बजेटको व्यवस्था गरिने छ।

३६. आर्थिक बर्षको शुरुमा नै उपभोक्ता समिति, जनप्रतिनिधि र प्राविधिकहरु बिच योजना संञ्चालनका बिषयमा अन्तरक्रिया संञ्चालन गरिनेछ।

३७. स्थानीय तहको दररेट निर्धारण गरीनेछ।

३८. गाँउपालिका भित्र समुदायको माग र आवश्यकताका आधारमा भौतिक पुर्वाधारका योजनाहरुका लागि आवश्यक बजेट विनियोजन गरीने छ।

३९. नागरिकहरुलाई स्वच्छ खानेपानीको सुनिश्चितताका लागि खानेपानीका पुर्वाधार निर्माण, स्रोत र मागको आधारमा एक घर एक धाराको अवधारणालाई निरन्तरता दिइनेछ।

४०. एक घर एक चर्पी,जुठ्यान र चाङको नीति पुर्ण रुपमा लागु गरिनेछ।

४१. खानेपानीको मुहान दर्ता, संरक्षण, मर्मत संभार कोष, मासिक शुल्क, खानेपानी सुरक्षा योजना र गाउँपालिका स्तरीय वास रणनीति योजना तयार गरी सोही अनुसार कार्यक्रम संञ्चालन गरीनेछ।

४२. जुड्डी खोला, भुकाँ खोला र बड्डीगाड लघु जलविद्युत आयोजनाको स्तरोउन्नती पश्चात नियमित विद्युत सेवा संचालन र लेखा प्रणालीलाई व्यवस्थित गर्नका विद्युत सहकारी संग समन्वय गरिनेछ ।

२०८०।३।१८

कालि बहादुर शाही
अध्यक्ष
जगन्नाथ गाउँपालिका

जगन्नाथ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मुड्डी, बाजुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

४३. घर भित्रको धुँवा न्युनिकरणका लागि सुधारिएको चुलो जडान कार्यलाई अभियानको रुपमा संचालन गर्न विभिन्न सरोकारवाला निकायहरु संग समन्वय गरिनेछ।

४४. गाउँपालिका भित्रका बेरोजगार व्यक्तिको तथ्याँक संकलन र अद्यावधिक गर्नुका साथै युवाहरुलाई मागको आधारमा सिप मुलक तालिम (सिलाई कटाइ, प्लम्बिङ्ग, अटो मोवाइल, मोवाइल मर्मत, हाउस वाइरिङ्ग, ड्राइभिङ्ग, जे.सि.वि अपरेटर र कम्पुटर मर्मत) संचालन गरिनेछ।

४५. संघिय सरकारको कार्यक्रम अनुसार गाउँपालिकाले वेरोजगार व्यक्तिहरुलाई रोजगार दिने उद्धेश्यका साथ अध्यक्ष रोजगार कार्यक्रम मार्फत १८ देखि ५९ बर्ष उमेर समुहका ३०० जना बेरोजगार व्यक्तिलाई ५० दिनको रोजगारी र प्रधानमन्त्री रोजगार कार्यक्रम बाट १२० जना युवायुवतीहरुलाई १०० दिनको रोजगारी उपलब्ध गरीने छ।

४६. राष्ट्रिय वन, सामुदायीक वन, धार्मिक वन, कबुलियती वन, नीजि वनको संरक्षण र बृक्षारोपण कार्यक्रमलाई प्रभावकारी बनाउन सामुदायीक वन उपभोक्ता समिति संग समन्वय गरिनेछ।

४७. <u>हरियाली बढाऔ, खडेरी बाट मुक्त होऔ</u> भन्ने नारालाई कार्यान्वयन गर्न खाली जग्गामा अनिवार्य रुपमा बृक्षारोपण गर्न सामुदायीक वनहरुलाई प्रोत्साहन गरिनेछ।

४८. घरेलु, कुटिर उद्योग स्थापना गर्ने व्यक्ति र फर्मलाई प्रोत्साहन गर्नुका साथै संचालनमा रहेका कुटिर उद्योगलाई दर्ता प्रक्रियामा ल्याइने छ।

४९. कुटिर, लघु तथा साना उद्योग संचालन गर्ने महिला तथा विदेश बाट फर्किएका युवाहरुलाई व्यवसायको आधारमा ५० प्रतिशत सम्म अनुदानको व्यवस्था गरिनेछ।

५०. गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम(मेडपा) मार्फत युवायुवतिहरुलाई सीपमुलक तालिमहरु संचालन गरिनेछन्।



कालि बहादुर शाही
अध्यक्ष
जगन्नाथ गाउँपालिका
२०७३/१९६

जगन्नाथ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जुङ्बी, बाजुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

५१. परम्परागत सीप (मुर्तिकला, हस्तकला र काष्ठकला) को जगेर्ना गर्दै परम्परागत पेशालाई आधुनिकीकरण गर्न युवाहरुलाई प्रोत्साहन गरिनेछ ।

५२. वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालयहरुमा इन्टरनेट जडान गरिनेछ।

५३. गाउँपालिकामा भए गरेका क्रियाकलापहरुलाई विद्युतिय र छापा माध्यम मार्फत सार्वजनिकिकरण गरि पारदर्शिता र जवाफदेहिता अभिबृद्धि गरिनेछ।

५४. नागरिकको सूचना पाउने हक अधिकारलाई आत्मसात गरि गाउँपालिकाले आफ्ना गतिविधिहरुलाई सूचनापाटी, स्थानिय पत्रपत्रिका, ओइभसाइट, एफ.एम.रेडियो मार्फत सूचना प्रकाशन र प्रशारण गर्ने व्यवस्था मिलाइनेछ।

५५. विपद जोखिम न्युनिकरण, खोज उद्धार तथा राहत सम्बन्धि कार्यलाई प्रभावकारी रुपमा सम्पन्न गर्न विपद व्यवस्थापन कोष स्थापना गरि पिडितलाई राहत उपलब्ध गराईनेछ।

५६. गाउँपालिकाको विपद जोखिम योजना तयारी, विपद व्यवस्थापन कोषको व्यवस्था, गाउँपालिकाको निर्णय र मापदण्डका आधारमा राहत वितरण गर्ने व्यवस्था मिलाउनुका साथै पालिका स्तरीय विपद प्रतिकार्य योजना बनाई कार्यान्वयनमा ल्याइने छ।

५७. विपदमा परेका लाभग्राहीलाई घर पुन निर्माण कार्यका लागि १० प्रतिशत लागत साझेदारी गरिनेछ।

५८. बाढी पहिरो, आगलागी, सुक्खा खडेरी जस्ता प्राकृतिक बिपत्तिमा परेका व्यक्तिको उद्धार गरी तुरुन्त राहत उपलब्ध गराउन नेपाल प्रहरी, नेपाल रेडक्रस सोसाइटी र नेपाली सेना संग समन्वय गरी उद्धार, राहत र प्राथमिक उपचार गर्ने व्यवस्था मिलाईनेछ।

५९. जगन्नाथ गाउँपालिका वडा नं १ देखि ६ सम्म होटल, पसल र फर्म संचालन गरेर दर्ता प्रकियामा नआएका व्यवसायीहरुलाई दर्ता प्रक्रियामा ल्याउन बजार अनुगमन



२०८०।३।१६
कालि बहादुर शाही
अध्यक्ष
... गाउँपालिका

जगन्नाथ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जुड्डी, बाजुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

कार्यलाई निरन्तरता दिने र नियमित अनुगमन मार्फत उपभोग्य वस्तुहरुको चेकजाँच गरिनेछ।

६०. गाउँपालिका भित्र संचालनमा रहेका सहकारी र बचत समुहलाई अनुगमनको दायरामा ल्याईनेछन्।

६१. बैंक तथा वित्तिय संस्थाले प्रदान गर्ने वित्तिय सेवामा आम नागरिकको पहुँच अभिबृद्धि गर्न विद्युतीय भुक्तानी प्रणालीलाई प्रोत्साहन गर्न वित्तिय साक्षरता अभिमुखीकरण एवं क्षमता अभिबृद्धि सम्वन्धी कार्यक्रम संचालन गरिनेछ।

६२. सबै प्रकारका सामाजिक, आर्थिक विभेदको अन्त्य गर्दै विकास, समृद्धि र सामाजिक न्यायको यात्रालाई गतिशिल बनाउनका लागि विभिन्न खालका जनचेतना मुलक कार्यक्रमहरु संचालन गरिनेछन।

६३. न्यायमा पहुँच नपुगेका एकल महिला, दलित, हलिया, खलिया, अपाङ्गता भएका व्यक्ति, हिंशा पिडित महिला, बालबालिका, जेष्ठ नागरिक र असहाय व्यक्तिहरुका लागि निशुल्क कानूनी सहायता तथा परामर्श सेवा दिने व्यवस्था मिलाइने छ।

६४. वालविवाह, छाउपडी, महिला बिरुद्धका कुरिति, भेदभाव र हिंसा अन्त्य गर्न सामाजिक जागरण र सशक्तिकरणका कार्यक्रमहरु संचालन गरिनेछन।

६५. सामुदायीक मेलमिलाप कर्ता र न्यायीक समितिको क्षमता विकास विकास गरिने छ।

६६. गाउँपालिकाले दिदै आएको ग र घ बर्गका अपाङ्गहरुको भत्तालाई निरन्तरता दिनुका साथै परिचय पत्र नपाएर अपाङ्ग भत्ता बाट बन्चित व्यक्तिहरुलाई परिचय पत्र वितरण गर्ने व्यवस्था मिलाइनेछ।

६७. मानव विकास सुचकाँङ्कका दृष्ट्रिले पिछडिएका क्षेत्र, बर्ग एवम समुदायलाई प्राथमिकता दिईनेछ।

२०८०।३।१६



कालि बहादुर शाही
अध्यक्ष
जगन्नाथ गाउँपालिका

जगन्नाथ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जुइडी, बाजुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

६८. शान्ति सुरक्षाको प्रत्याभुति, भष्ट्राचार नियन्त्रण, सुशासन र सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ।

६९. सार्वजनिक सेवालाई सर्वसुलभ, छिटो छरितो र प्रविधिमैत्री बनाईनेछ। सेवाग्राही बाट पृष्ठपोषण लिने र नागरिक बाट प्राप्त गुनासोहरुको तत्काल समाधान गर्ने व्यवस्था मिलाईनेछ ।

७०. कर्मचारी र जनप्रतिनिधिहरुको क्षमता विकासका लागि समय सापेक्ष तालिम, गोष्ठी, संञ्चालन गरिनेछ र कार्यक्षमताका आधारमा पुरुस्कार र दण्डको व्यवस्था गरिनेछ।

७१. जगन्नाथ गाउँपालिकाको आर्थिक, भौतिक र शैक्षिक क्षेत्रको विकासका लागि नेपाल सरकार, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैह सरकारी संघ संस्था र दातृ निकाय संग समन्वय गरिनेछ ।

"धन्यवाद "

..............................
काली बहादुर शाही
गाउँसभा अध्यक्ष
२०८० असार १६ गते

कालि बहादुर शाही
अध्यक्ष
जगन्नाथ गाउँपालिका